आज मिति २०८० फागुन २४ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री गौतम पंज्ञानी

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

मिति २०८० फागुन २४ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरुः

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/११/०३ गतेको मर्स्याङ्दी गांउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ संघिय संचित कोषमा रकम दाखिला सम्बन्धमा ।**

मर्स्याङ्दी गाउंपालिकाको आ. व. २०७९।०८० को महालेखापरिक्षकको प्रारम्भिक प्रतिवेदन अनुसार कर दायित्व, समपुरक अनुदानबाट बढी खर्च, आय ठेक्कामा मूल्य अभिवृदि कर, परामर्श तथा विमा र खर्च पालिकाको लागत सहभागीतामा मत्स्य मिसन कार्यक्रम र लघु उद्धम विकास कार्यक्रम अन्तर्गत उल्लेख भएको तपशिल वमोजिमको संघिय संचित कोषमा दाखिला गर्नुपर्ने प्रारम्भिक प्रतिवेदनमा औल्याईएको छ ।

| क्र. सं. | दफा | विवरण | दाखिला गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ९ | कर दायित्व | २०,१७२।०० | |
| २ | २२ | समपुरक अनुदानबाट बढी भुक्तानी | ७,३४०,८३९।०० | |
| ३ | ३० | आय ठेक्कामा मूल्य अभिवृध्दि कर | २९०,४४६।०० | |
| ४ | ४३.१ | परामर्श तथा विमा खर्च | ३२१,४४१।०० | |
| ५ | ४३.२ | पालिकाको लागत सहभागिता | ७९९,५२०।०० | |
| ६ | ५७ | मत्स्य मिसन कार्यक्रम | १३६,०४२।०० | |
| ७ | ५९ | लघु उधम विकास कार्यक्रम | ६४,००७।०० | |
| | | कुल दाखिला गर्नुपर्ने जम्मा रकम | ८,९७२,४६७।०० | |

मर्स्याङ्दी गाउँपालिकाको आ. व. २०८०।०८१ को संसोधित स्विकृत वार्षिक कार्यक्रमबाट प्रारम्भिक प्रतिवेदनमा औल्याईएको संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रकम तपशिल बमोजिमको बजेट शिर्षकबाट गाउँसभाबाट अनुमोदन गर्ने गरी दाखिला गर्ने निर्णय गरियो । साथै, यस आ. व. मा तपशिल बमोजिमका कार्यक्रम सञ्चालन नगर्ने निर्णय गरियो ।

तपशिलः

| क्र. सं. | शिर्षक नं | रकम | कैफियत |
|---|---|---|---|
| १ | भ्याकु लोडर खरिद | ५०००००० | |
| २ | किचेखोला साना जल विधुत आयोजना मर्स्याङ्दी २ (गा.पा.को लगानी) | १०,००,००० | |
| ३ | ~~मोटर साईकल खरिद~~ चितौं कञ्ज आ. वि. भवन निर्माण लागत साझेदारी | २०,००,००० | |
| ४ | आ.व. २०७९।०८० को दायित्वबाट | ९,७२,४६७ | |
| ५ | जम्मा | ८,९७२,४६७।०० | |